दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक २९४ | बुटवल | २०८१ कार्तिक ११, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Oct. 27, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## भारतबाट अवैध कुखुरा आयातले नेपाली किसान संकटमा

*सुरक्षा निकायले चेकजाँचमा कडाइ नगर्दा र कतिपय सुरक्षाकर्मी तस्करहरुबाट प्रभावित भई छुट दिँदा अवैध आयात झनै मौलाउँदा नेपाली किसानहरुले लागत मूल्य समेत पाउन नसकेको गुनासो छ। रुपन्देहीमा मात्रै दैनिक करिब ३० क्विन्टल कुखुरा भारतबाट अवैधरुपमा आयात हुने गरेको छ।*




**लुम्बिनी संवाददाता**

*बुटवल*

भारतबाट ठूलो मात्रामा अवैधरुपमा बोइलर कुखुरा भित्रिएर नेपाली बजारमा बिक्री हुँदा स्वदेशी कुखुरापालक किसान सधैं मारमा परेको गुनासो गरेका छन्। सुरक्षा निकायले चेकजाँचमा कडाइ नगर्दा र कतिपय सुरक्षाकर्मी तस्करहरुबाट प्रभावित भई छुट दिँदा अवैध आयात झनै मौलाएको किसानहरुको गुनासो छ।

कुखुरापालक किसान संघ रुपन्देहीका अध्यक्ष ऋषिराम काफ्लेका अनुसार भारतसँग सीमा जोडिएका नवलपरासी, रुपन्देही र कपिलवस्तुका दक्षिणी क्षेत्रका विभिन्न नाकाहरुबाट रुपन्देहीमा मात्रै दैनिक करिब ३० क्विन्टल कुखुरा भारतबाट अवैधरुपमा नेपाल भित्रिने गरेको छ।

भारतमा चल्ला, दाना र औषधिको मूल्य नेपालमा भन्दा धेरै सस्तो हुने भएकाले भारतीय कुखुराको मूल्य पनि स्वतः सस्तो हुने र भन्सार छलेर नेपालमा ल्याउँदा मागभन्दा आपूर्ति बढी भई नेपाली किसानले लागत मूल्य समेत पाउन नसकी मारमा परेको अध्यक्ष काफ्लेले बताए।

रुपन्देही बोइलर कुखुरा उत्पादनमा आत्मनिर्भर भइसकेको अवस्थामा भारतबाट ठूलो मात्रामा भित्रिंदा नेपाली किसानको कुखुरा बिक्री नहुने र बिक्री हुँदा लागत मूल्य पाउन नसकेकाले अवैध आयात तत्काल रोकिनुपर्ने किसानको माग छ।

कुखुरापालक किसान संघ रुपन्देहीका सचिव विशाल थापाले विगतका सरकारले अमेरिकाबाट कुखुराको मासु आयातलाई रोकेको अवस्थामा अहिलेको सरकारले खुला गरेर नेपाली किसानलाई पेशाबाटै पलायन हुने अवस्थामा पुऱ्याउन लागेकाले उक्त गलत निर्णय सच्याउन माग गरे।

सरकारी निकायले कुखुराको अवैध आयात पूर्णरुपमा रोक्न नसक्दा पेशा नै संकटमा परेपछि किसान आफैँले अवैध आयातलाई निरुत्साहित गर्न स्वयंसेवक टोली गठन गरी अनुगमन गर्न सुरु गरेको थापाले बताए।

बुटवलबाट सुरु भएको अनुगमन टोली १६ वटै पालिकामा गठन गरी सुरक्षा निकायसँग मिलेर भारतबाट हुने तस्करी रोक्ने आफूहरुको तयारी रहेको थापाले बताए।

किसानका समस्या र गुनासा सुनेपछि जिल्ला समन्वय समिति रुपन्देहीका संयोजक उमाकान्त चापागाईंले खुला सीमाको फाइदा उठाउँदै भारतबाट कुखुरासहित विभिन्न वस्तुको अवैध आयात हुने गरेको स्वीकार गर्दै यसलाई रोकेर नेपाली किसानलाई बचाउन सुरक्षा निकाय इमान्दार भएर चेकजाँचमा कडाइ गर्नुपर्ने बताए। तस्करी भएको सूचना पाए आफूलाई जानकारी गराउन आग्रह गर्दै संयोजक चापागाईंले आफू तस्करी रोकेर स्वदेशी किसानलाई संरक्षण गर्न सधैँ तत्पर रहेको स्पष्ट पारे। सीमा क्षेत्रका नेपाली कुखुरा फार्ममा दिनभर कुखुरा नहुने, तर राति भारतबाट ल्याएर अर्को दिन नेपाली कुखुरा भन्दै बेच्ने गरिएको समेत औंल्याए।

उनले विगतमा भारतीय सेतो अण्डालाई विस्थापित गरे जस्तै भारतीय कुखुरा र चल्लाको तस्करीलाई पनि सबै मिलेर विस्थापित गर्नुपर्ने बताए। संयोजक चापागाईंले ठूला व्यापारी र ठूला किसानले साना व्यापारी र किसानलाई माथि उठ्न नदिई तहसनहस बनाउने गरी काम गरिरहेको भन्दै त्यस्तो नगर्न सचेत गराए। उनले बुटवलको वधशाला सञ्चालनमा किसान र व्यवसायीलाई सहभागी नगराउनु दुर्भाग्य भएको भन्दै उक्त वधशालाको अनुगमन गर्न जिल्ला समन्वय समितिलाई नदिई तानाशाही चरित्र प्रदर्शन गरिएको बताए। त्यस्तो तानाशाही नचल्ने चेतावनी दिँदै उनले वधशाला मापदण्डअनुसार नचलेको हुँदा आफूलाई अनुगमन गर्न नदिइएको स्पष्ट पारे। अहिले खसी बोका जस्तै भविष्यमा कुखुरा, राँगा, बंगुर आदिको पनि वधशाला बनाउने र सबैमा ठूला व्यापारी आएर हजारौं साना व्यवसायीलाई विस्थापित गराउन सक्ने भन्दै चापागाईंले व्यवसायीलाई एकजुट हुन आग्रह गरे।

बुटवल उप-महानगरपालिकाका मेयर खेलराज पाण्डेयले भारतबाट अवैधरुपमा भित्रिने कुखुरा र मासुले स्वदेशी किसान र व्यवसायी मारमा परेको स्वीकार गर्दै स्थानीय तहहरुले अवैध आयात रोक्न किसानसँग मिलेर लाग्नुपर्ने बताए। रुपन्देहीका सबै स्थानीय तह, सुरक्षा निकाय, किसान र व्यवसायी मिलेर तस्करी रोक्नुपर्ने अन्यथा किसानहरु पेशाबाट विस्थापित हुनुपर्ने मेयर पाण्डेयले औंल्याए। चल्ला र दाना व्यापारीले महँगो मूल्यमा बेच्ने, तर किसानको कुखुरा तयार भएर बेच्ने बेला अनेक खेल गरेर लागत मूल्य पनि नपाउने अवस्था बनाइदिने गरेको भन्दै यसविरुद्ध सबै एकजुट हुनुपर्ने उनले बताए।

कार्यक्रममा उपभोक्ताहित संरक्षण मञ्च लुम्बिनीका अध्यक्ष तेजकुमार पाठक, विमल नेपाल, गोविन्द खड्का, लक्ष्मण घिमिरेलगायतले भारतबाट अवैधरुपमा कुखुरा र चल्ला आयात हुँदा त्यसले कुखुरापालक किसानसँगै दाना व्यवसायी, भेटेनरी व्यवसायी, मासु व्यवसायी र उपभोक्ता सबैलाई नकारात्मक असर पर्ने भएकाले तस्करी रोक्न सरकारी निकायको ध्यान जानुपर्नेमा जोड दिए। रुपन्देहीमा साढे तीन सय कुखुरापालक किसान रहेका छन्। उनीहरुले वार्षिक औसत प्रति फार्म दश हजार कुखुरा उत्पादन गर्छन्।

लाइन काटिएका १८ उद्योगले भने :

# ट्रंकलाइन माग र खपतको प्रमाण देखाए पैसा तिर्छौं

**लुम्बिनी संवाददाता**

*बुटवल*

बुटवल-भैरहवा कोरिडोरमा सञ्चालित १८ उद्योगले आफूहरुले ट्रंकलाइन तथा डेडिकेटेड लाइन माग र खपत दुबै नगरेको अवस्थामा पूर्वी नेपाल र अन्यत्रका उद्योगको विवादसँग जोडेर उद्योगमा लाइन काटिंदा अन्याय भएको गुनासो गरेका छन्।

नेपाल विद्युत् प्राधिकरणको नेतृत्वबाट आफूहरुमाथि ज्यादती भएको भन्दै ट्रंकलाइन माग र खपतको प्रमाण देखाए तत्काल पैसा तिर्न तयार रहेको उद्योगीहरुले स्पष्ट पारेका छन्।

बक्यौताको विषय विवादित र विचाराधिन रहेकै अवस्थामा प्राधिकरणले विभागीय मन्त्रीको आग्रहलाई बेवास्ता गर्दै देशभरका ४९ उद्योगको सूचीमा रहेका यहाँका उद्योगमा पनि बिहीबार रातिदेखि लाइन काटिएको हो। ट्रंकलाइन माग नगरेका पञ्चकन्या प्लास्टिक इन्डस्ट्रिज, पञ्चकन्या स्टिल इन्डस्ट्रिज, एभरेस्ट रोलिङ मिल, विनायक स्पात, एसआर स्टिल, नव नेपाल प्लास्टिक, शुभलक्ष्मी पोलिमर्स, नेशनल रबर इन्डस्ट्रिज, प्रिया प्याकेजिङ्ग इण्डष्ट्रिज, ए.जी हेल्थ इण्डष्ट्रिज, लुम्बिनी फ्लोर मिल र फेरो स्टिल (हाल बन्द) को विद्युत काटिएको हो।

यस्तै गोयनका फुड्स, घराना फुड्स, श्याम प्लाष्टिक उद्योग, भलबारी स्वचालीत चामल कारखाना, एस.आर फुड्स र सिद्धार्थ पेट प्लाष्ट उद्योगको लाइन पनि काटिएको उद्योगीहरुले जानकारी दिएका छन्।

उद्योगहरुमा विद्युत् लाइन काटिएपछि शुक्रबार बिहानदेखि नै उद्योगहरु बन्द भएका छन्। लाइन काटिएपछि यहाँका उद्योगमा कार्यरत करिब तीनहजार कर्मचारी र मजदुरलाई उद्यागले विदामा बस्न भनेका छन्। 'लाइन कहिले जोडिने हो अन्योल भएपछि हाम्रो उद्योगमा काम गर्ने ८ सय कर्मचारीलाई विदा दिएका छौं,' पञ्चकन्या समूहका महाप्रबन्धक देबेन्द्र साहूले भने-'तिहारको मुखमा डेढ दर्जन उद्योगमा काम गर्ने करिब तीन हजार बढी कर्मचारी र मजदुर कामविहीन भएका छन्।'

बक्यौता विवादका सम्बन्धमा अध्ययन गर्न बनेको भक्तबहादुर पुन संयोजकत्वको समितिको प्रतिवेदन, प्राधिकरणको. भैरहवा वितरक केन्द्रको आन्तरीक टिप्पणी र प्राधिकरणको महसुल संकलन विनियमावलिको विनियम ५(५) विपरित बुटवल-भैरहवा कोरिडोरका उद्यागलाई माग र खपत विना जबरजस्ती ट्रंकलाइनको प्रिमियम महसुल तिराउन लाइन काटेर उद्योगीलाई तर्साउन र औद्योगिक वातावरण झन् कमजोर बनाउन खोजिएको पञ्चकन्या समूहका महाप्रबन्धक देबेन्द्र साहूले बताए।

ट्रंकलाइन प्रयोग गरेको टीओडी प्रमाण प्राधिकरणले देखाएमा आफूहरु बिलअनुसारको रकम तिर्न सधैँ तयार भए पनि उद्योगीहरुले विद्युत् खपत गरेर पनि महसुल तिरेनन् भन्ने गरी गलत प्रचार गरिएको र पटक पटक लाइन काटेर उद्योगीलाई हतोत्साहित गराउने तथा औद्योगिक वातावरण बिगार्ने काम भएको महाप्रबन्धक साहुको गुनासो छ।




गिरिशचन्द्र लाल संयोजकत्वको आयोगले समेत विद्युत् खपत गरेको प्रमाण (टीओडी मिटर) का आधारमा मात्र बक्यौता असुल गर्न सुझाव दिएको थियो।

२०७३ को विनियम ५(५) बमोजिम, विद्युत् उपभोग गर्न प्राधिकरण सञ्चालक समितिमा निवेदन दिई स्वीकृत भएको ग्राहक उपभोक्ताले मात्र अनुसूची १ (क) सरहको महशुल बुझाउनु पर्ने हुन्छ।

'यो विषयमा ४ वर्षदेखि आवाज उठाउँदै आए पनि सरकारले ट्रंकलाइन लिएका अन्यत्रका उद्योगसँग जोडेर बुटवल-भैरहवा कोरिडोरका उद्योगीलाई अन्यामा पारेको छ,' साहूले भने-'यदि हामीले ट्रंकलाइन माग गरेको, खपत गरेको प्रमाण प्राधिकरणले दिन्छ भने तत्काल महसुल तिर्न तयार छौं, 'यहाँका १८ उद्योगले ट्रंकलाइन मागेकै छैनन्, प्राधिकरणका भैरहवा बुटवल वितरण केन्द्रका तत्कालीन प्रमुखहरुले जबरजस्ती बिलिङ गरेका हुन्, पछि यो गलत भएछ भन्ने स्वीकार गरेर टिप्पणी पनि उठाएका छन्।'

विद्युत् प्राधिकरणले आफ्नो आन्तरिक लोड व्यवस्थापन तथा फेज सिक्वेन्स सन्तुलित गर्ने क्रममा उक्त कोरिडोरमा ट्रंकलाइन प्रशारण भएको, तर आफूले खपत नगरेको प्राधिकरणले नै स्वीकार गरेको उद्योगीहरुको भनाइ छ।

नेपाल विद्युत् प्राधिकरण विद्युत् महसुल संकलन विनियमावली २०७३ को विनियम ५(५) मा ३३ केभी ट्रंकलाइन तथा ११ केभी रिंग मेन फिडरवाट नयाँ ग्राहकलाई विद्युत् आपूर्ति नगरिने,अर्को व्यवस्था नभएसम्मको लागि ट्रंकलाइनबाट आपूर्ति लिइरहेका कुनै ग्राहकले उक्त लाइनबाट २० घण्टा वा सोभन्दा बढी समय डेडिकेडेट फिडर सरह विद्युत् आपूर्ति लिन चाहेमा डेडिकेडेट फिडर सरहको महशुल तिरी लिन सक्ने र यस्तो सेवा लिने स्वीकृतिको लागि निवेदन पर्न आएमा डेडिकेटेड लाइन सरह प्राधिकरण सञ्चालक समितिबाट स्वीकृति लिनु पर्ने विनियमावलीमा उल्लेख छ।

ट्रंकलाइनबाट विद्युत् लिन उद्योगले निवेदन दिई प्राधिकरणको सञ्चालक समितिबाट स्वीकृत हुनुपर्ने कानुनी व्यवस्था रहेकोमा कोरिडोरका उद्योगहरुले माग नै नगरेका र प्राधिकरणबाट कुनै निर्णय नभएको स्पष्ट पारेका छन्।

ट्रंकलाइनबाट विद्युत् खपत गर्ने सम्बन्धमा कुनै सहमति तथा सम्झौता पनि नभएको उद्योगीले बताएका छन्। माग नगरेको, ४ वर्षसम्म अतिरिक्त महसुलको बिल नआएको र नियमित महसुल तिर्दै आएकाले ४ वर्षपछि ६७ प्रतिशत महँगो महशुल जोडेर बिल पठाउनु आफैँमा शंकास्पद भएकाले छानवीन हुनुपर्ने उद्योगीको माग छ।

'विद्युत् प्राधिकरणले आफ्ना सञ्चालक भक्तबहादुर पुनको संयोजकत्वमा २०७५ चैत २९ गते गठन गरेको छानबिन समिति र कार्यकारी निर्देशक कुलमान घिसिङले सार्वजनिक लेखा समितिलाई २०७६ जेठ ६ गते पठाएको विवरणमा यहाँका उद्योगहरुको कुनै विषय उल्लेख थिएन,' भलबारी स्वचालित चामल कारखानाका सञ्चालक उद्योगी चन्द्रमान श्रेष्ठले भने-'हामीले नियमित रुपमा बिलअनुसारको भुक्तानी गर्दै आएकोमा २०७७ साउनमा आएर एक्कासी २०७२ साल भदौदेखिको छूट बिल भन्दै ३५ दिने म्यादसहितको बक्यौता रकम तिर्न पत्राचार गरेको विवादलाई गिरिशचन्द्र लालको अध्यक्षतमा गठित जाचँबुझ आयोगको अध्ययनमा समेत समावेश नभएकाले हामीले ट्रकलाइन प्रयोग नगरेको पुष्टी हुन्छ।'

प्राधिकरणका सञ्चालकको पहिलो र दोस्रो प्रतिवेदनमा तथा कार्यकारी निर्देशकले लेखा समितिमा बुझाएको विवरणमा समेत ट्रंकलाइन उल्लेख नभएका उद्योगहरुलाई ट्रंकलाइनको विलिङ गर्नु न्यायसम्मत नरहेको एसआर स्टिलका सञ्चालक सुरज उप्रेतीले बताए।


» बाँकी ३ पेजमा


माओवादीको खबरदारी सभा :

## सरकारविरुद्ध कडा हुने संकेत




बुटवल । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले सरकारविरुद्ध काठमाडौंमा खबरदारी सभा गरेको छ। सरकार गठन भएको सय दिन पुगे लगत्तै आयोजित खबरदारी सभामा उसले सरकारका कामकारबाहीको आलोचना गर्दै अब सरकारविरुद्ध कडा हुने संकेत दिएको छ।

खबरदारीसभामा बोल्दै अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अहिलेको गठबन्धन सरकार निर्माणको पृष्ठभूमि र सरकारका कामबारे चर्चा गरे। कांग्रेस एमालेलाई भ्रष्टाचारी भन्दै उनले ती दलहरूसँग सहकार्य गरेकोमा गल्ती भएको बताए। उनले आगामी चुनावमा माओवादी एक्लै चुनाव लड्ने पनि भन्न भ्याए।

उनले अहिले गठबन्धन सरकार ढाल्नका लागि माओवादी सडकमा आएको नभई भ्रष्टाचारी, बिचौलियासँग सरकारको साँठगाँठ रहेको र विपद्को बेलामा राज्य सरकार विमुखको अवस्थामा रहेको प्रति खबरदारी गर्न सडकमा आएको बताए।

खबरदारी सभामा प्रचण्डले दलाल र बिचौलियाको घरमा मध्यरातमा बनेको सरकारले सय दिन नपुग्दै आफूलाई प्रमाणित गरेको आरोप लगाए।

माओवादी केन्द्रले खबरदारी सभा गर्न लागेपछि सत्ता गठबन्धनले संविधान विरोधी गतिविधि भन्दै ७ बुँदे विज्ञप्ति निकालेकोमा उनले आपत्ति जनाए। उनले सरकार ढाल्नका लागि यो खबरदारी सभा नगरेको प्रष्ट पारे। 'ढुक्कसँग सरकार चलाउनुस्, सरकार ढाल्न हामी लाग्दैनौं,' उनले भने-'यो सरकार बनेकोमा हामी र हाम्रो दललाई कुनै चिन्ता छैन। सरकार नयाँ बन्यो भन्ने चिन्ता होइन। सरकार के-का निम्ति बन्यो र कसरी बन्यो भनेर हेर्दा यो सरकार सुशासनकाविरुद्ध बन्यो, भ्रष्टाचारीहरू बचाउन बन्यो।


» बाँकी ३ पेजमा





## सम्पादकीय

# कानुन कार्यान्वयनको बाटो खोलौं, थिति र विधि स्थापित गरौं

सहकारी ठगी प्रकरणको अनुसन्धान गर्दै जाँदा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एंव पूर्व गृहमन्त्री रवि लामिछाने समेत संलग्न भएको भेटिएपछि प्रहरीले पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याएको छ। रवि सहकारी ठगीसम्बन्धी छानबिन गर्न गठन भएको संसदीय समितिले दोषी ठहर भएका व्यक्ति हुन्। अहिले उनी पक्राउ भएपछि राष्ट्रिय स्वतन्त्र पार्टीले आन्दोलन गर्दै आएको छ।

उनलाई सत्तारुढ दलले पूर्वाग्रह राखेर नियतबश फसाउन खोजेको आरोप रास्वपा कार्यकर्ताको छ। रविको मुद्दाको निष्पक्ष न्यायिक निरुपण हुनका लागि सघाउ गर्नुपर्नेमा सडक आन्दोलनले रास्वपा विवादमा तानिएको छ। जुन नयाँ केही गर्ने, विधि र थिति बसाल्ने भनेर प्रचार गरेको रास्वपाले नागरिकमाझ नयाँ केही गर्ने होइन्, कानुन हातमा लिने उदण्ड र अराजक शैली देखाएको छ। राजनीतिप्रति चरम निराशा बढेको समाजमा यो प्रकरणले झन निराशा र आक्रोश थप्ने छ। यो स्वस्थ लोकतन्त्रका लागि राम्रो होइन्।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्व गृहमन्त्री एंव कांग्रेस नेता बालकृष्ण खाँण पक्राउ गरेर कानुनी कारबाहीको दायरामा ल्याइए। एमाले सचिव टोपबहादुर रायमाझी अझैं जेलमा छन्। राजनैतिक दलका यी उपल्ला तहका नेता बाहेक अरु धेरै व्यक्ति दल निकट पक्राउ परी मुद्दा झेल्दैछन्। सुन तस्करी प्रकरणमा माओवादी नेता कृष्णबहादुर महरा पक्राउ परे। यी मुद्दालाई लिएर कांग्रेस, एमाले र माओवादीले राजनीतिकरण गरेनन्। उनीहरुले अनुसन्धान र अभियोजन निष्पक्ष गर्न झक्झकाए।

समाजमा अपराधको राजनीतिकण र राजनीतिको अपराधीकरण बढ्दो छ। अपराध र राजनीतिको कनेक्सन डरलाग्दो ढंगले बढिरहेको छ। राजनीति र अपराध जेलिदै जाँदा समाज भ्रष्ट हुँदै जाने र बेथिति मौलाउँदै जाने डरलाग्दो बाटोमा अघि बढिरहेको छ। अपराधलाई राजनीतिक आवरणमा ढाकछोप गर्ने प्रवृत्तिले लोकतन्त्रको संस्थागत विकासमा पनि अवरोध गरिरहेको छ। दल, नेता, विभिन्न व्यवसायिक संस्था, राज्य संयन्त्रका विभिन्न अंगलाई राजनीति र अपराधको कनेक्सनले छियाछिया पारिरहेको छ। जसले राज्यलाई कमजोर बनाइरहेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रको जग बलियो बनाउने औजार चुनाव हो। चुनाव जित्नका लागि चाहिने पैसाका लागि राजनैतिक दलले त्यो कनेक्सनलाई बलियो गरी साथ दिँदै जाँदा पार्टीभित्रका इमान्दार नेता कार्यकर्ता ओझेलमा पर्ने र किनारा लाग्दै जाने जोखिम नेपाली लोकतन्त्रका लागि घातक छ।

पूराना दलले बिगारेको थिति र विधिलाई सही बाटोमा ल्याउने भन्दै रवि लामिछाने नेतृत्वमा गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टीले थिति र विधि बसाल्ने नभई आफ्नोमा लिएर अराजक समाज निर्माणको बाटोमा लागेको छ, यो मुलुकका लागि घातक छ। थिति र विधि बसाल्ने कानुनको सही कार्यान्वयन गर्नका लागि बाटो खुला गर्दा मात्रै संभव छ। लोकतन्त्र विधिको शासन हो भन्ने मर्मलाई व्यवहारमा उतार्ने हो भने कानुनको प्रयोगलाई सही ढंगले गर्नका लागि सहयोगी भूमिका खेल्नुपर्छ, त्यो भूमिकाले मात्रै लोकतन्त्र तंग्रिदै अघि बढ्न सक्छ।

# पृथ्वी जोगाउने वैश्विक चुनौती



विजयराज पोखरेल

*विकास निर्माणका कार्यमा कतिसम्म हेलचेक्र्याइ गरिन्छ भन्ने उदाहरणका रूपमा हाम्रै देशलाई हेरे पुग्छ। नेपालको अधिकांश भू–भाग हिमाली तथा पहाडी भूबनोटको हुँदाहुँदै यसलाई हेक्का राखेर विकास निर्माणका गतिविधि सञ्चालन गर्न हामी चुकिरहेका छौँ। व्यवस्थित र वैज्ञानिक बसोबासतर्फ सोचिएन। बस्ती र सहरबिना दीर्घकालीन योजना फैलिँदै गए। डाँडाकाडा खोस्रेर जग्गा पल्टिङ थालियो। पहाडी क्षेत्रमा भएको गतिविधिका कारण खोलाको सतह बढ्दो छ।*



यो वर्षको मनसुन बाहिरिनै लाग्दा विशेष गरी देशको पूर्वी र मध्य क्षेत्रमा गत असोज ११ र १२ गते आएको भीषण वर्षाले कीर्तिमानी रूप धारण गऱ्यो। मौसम पूर्वानुमान हुँदाहुँदै पनि पूर्वतयारी पर्याप्त नहुँदा जनधनको व्यापक क्षति हुन पुग्यो। जलविद्युत्, सडक पूर्वाधार र कृषिमा ठूलो नोक्सानी भयो। देशभरिका सबै जसो सडक सञ्जाल बढीपहिरोका कारण क्षतविक्षत भए। यातायात व्यवस्था खल्बलिँदा दसैँमा कर्मथलोबाट आआफ्नो गाउँठाउँ बेलैमा पुग्न सकस भोग्नु पऱ्यो। विपत्तिले सबैको दसैँ खल्लो बनायो। पछिल्ला केही वर्षयता प्राकृतिक विपत्तिका घटना थपिँदै छन्। जसका कारण धनजनको क्षतिको मात्रा निरन्तर उकालो लाग्दो छ। यसले जीवनयापनलाई थप कष्टकर बनाउँदै छ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले असोज २३ गते गृह मन्त्रालयमा पेस गरेको क्षतिको प्रारम्भिक प्रतिवेदनअनुसार गत असोजमा गएको बाढीपहिरोबाट २४६ व्यक्तिले ज्यान गुमाउनु पऱ्यो भने १८ जना अझै बेपत्ता हुनुका साथै झन्डै ११ हजार परिवार विस्थापित भएका छन्। यो विपत्बाट ४६ अर्बभन्दा धैरैको आर्थिक क्षति भएको आकलन गरिएको छ। उक्त प्रतिवेदन अनुसार बाढीपहिरोबाट ४४ पुल, २६ जलविद्युत् आयोजना, ४१ सडक, एक हजार ६१६ खानेपानी आयोजना, ३०२ दूरसञ्चारसम्बन्धी संरचना र ८४ यातायातका साधनमा क्षति भएको छ। यो विपत्बाट कृषिमा मात्रै पाँच अर्ब ८३ करोड बराबरको क्षति पुगेको छ। जस अन्तर्गत धानलगायत विभिन्न बालीनाली, सिँचाइ एवं विभिन्न कृषिसम्बद्ध संरचनामा व्यापक क्षति पुग्न गएको छ।

पछिल्लो कीर्तिमानी वर्षाका अतिरिक्त यो वर्षको मनसुनमा मात्रै केही अस्वाभाविक घटना भए। गत असार २३ र २४ मा कञ्चनपुरको दोधारा चाँदनी क्षेत्रमा इतिहासकै अत्यधिक वर्षा भयो। असार २० गते गौरीशङ्कर हिमाल नजिकै भएको हिमनदी पहिरो तथा हिमताल विस्फोट, साउन ३२ मा सोलुखुम्बुको थामेमाथिको थ्याङ्बो हिमताल विस्फोट र भदौ ७ मा मुस्ताङको थसाङ क्षेत्रमा धौलागिरी हिमालबाट आएको हिमपहिरोले ठुलै त्रास उत्पन्न गरायो।

२१सौं शताब्दीमा प्रवेशसँगै विश्वकै जलवायु तीव्र रूपमा परिवर्तन हुँदै छ। बढ्दो तापमान नै जलवायु परिवर्तनको कारक मानिएको छ। पृथ्वी बर्षेनि तात्दै छ। पृथ्वी तातिँदै जानुमा वायुमण्डलमा हरितगृह ग्यासको व्यापक उत्सर्जनलाई लिइएको छ। हरेक वर्ष विश्वका विभिन्न भू-भागमा गर्मीले नयाँ कीर्तिमान कायम गरेको तथ्य सार्वजनिक भइरहेका छन्। विश्वव्यापी तापमान वृद्धिले गर्दा नै जलवायु र मौसम अस्वाभाविक र अनपेक्षित परिवर्तन देखापर्दै सर्वत्र प्राकृतिक प्रकोपका घटना बढाएको छ। प्राकृतिक विपत्को समिश्रण बढ्ने क्रम जारी छ।

संयुक्त राष्ट्रसङ्घको विश्व मौसम विज्ञान सङ्गठन (डब्ल्युएमओ) को एक प्रतिवेदनले सन् २०२३ लाई हालसम्मकै तातो वर्ष रहेको पुष्टि गरेको थियो। गत वर्षको औसत तापक्रम पूर्वऔद्योगिक स्तरभन्दा १.४५ डिग्री सेल्सियस बढी भएको डब्ल्युएमओले जनाएको छ। यसै गरी युरोपेली जलवायु अनुगमनकारी संस्था कोपर्निकसको पछिल्लो प्रकाशन अनुसार सन् २०२४ को सेप्टेम्बर महिनामा विश्वभरि अत्यधिक वर्षा र विनाशकारी आँधीको अनुभव भयो, जुन जलवायु परिर्वतनका कारण बढी तीव्रता र आवृत्तिमा भइरहेका छन्। सन् २०२४ को जनवरीदेखि सेप्टेम्बरमा विश्वव्यापी औसत तापमान सन् १९९१-२०२० को औसतको तुलनामा ०.७१ र २०२३ को सोही अवधिको तुलनामा ०.१९ डिग्री सेल्सियस बढी न्यानो थियो। यसले गर्दा सन् २०२४ मा झन् गर्मी हुने सम्भावना उच्च रहेको कोपर्निकसले जनाएको छ।

यसैगरी जलवायु तथा मौसम विभागको प्रारम्भिक प्रतिवेदन अनुसार नेपालले पनि सेप्टेम्बर महिनामा चार दशक यताकै ऐतिहासिक वर्षा र उच्च तापक्रमको सामना गर्नु परेको औँल्याएको छ। सेप्टेम्बरमा सरदर २४२.९ मिलिमिटर वर्षा हुने गरेकोमा यो वर्ष भने ४१३.१ मिलिमिटर रहेको थियो। यो सन् १९८१ यता सेप्टेम्बर महिनामा सबैभन्दा धेरै मापन गरिएको वर्षा हो। यसका साथै सेप्टेम्बरमा देशका धेरै भागमा तापक्रमले पनि नयाँ उचाइ कायम गरेको उक्त प्रतिवेदनले उल्लेख गरेको छ। २३ सेप्टेम्बरमा लहानमा ३९.५ डिग्री सेल्सियसको सर्वाधिक तापक्रम मापन भयो। विभागले अक्टोबरदेखि डिसेम्बर महिनासम्मको मौसमको समेत प्रक्षेपण गरेको छ, जस अनुसार देशको अधिकांश भू-भागमा अधिकतम र न्यूनतम दुवै सरदरभन्दा बढी हुने अनुमान गरिएको छ।

अहिलेकै गतिमा तापमान वृद्धि भइरहने हो भने अबको केही वर्षमै स्थिति भयावह हुने चेतावनी वैज्ञानिकले दिइरहेका छन्। सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घको वार्षिक जलवायु सम्मेलन (कोप २१) ले पृथ्वीको तापक्रम वृद्धिलाई औद्योगिक क्रान्तिपूर्वको अवस्थाको तुलनामा १.५ डिग्री सेल्सियसमा सीमित राख्ने प्रतिबद्धताको कार्यान्वयन स्तर सुस्त छ। समय घर्किँदै छ। विश्व मौसम विज्ञान सङ्गठनले यसै वर्ष प्रकाशन गरेको प्रतिवेदनले २०३० सम्म १.५ डिग्री सेल्सियको लक्ष्य हासिल गर्न हरितगृह ग्यास उत्सर्जनलाई ४२ प्रतिशतले कटौती गरिनु पर्ने उल्लेख गरेको छ। यस मामलामा विश्व अझै पनि गम्भीर बन्न सकेको छैन।

जलवायुमा प्रकृतिक रूपमा परिवर्तन हुनु सामान्य हो, तर तीव्रताका साथ भइरहेको परिवर्तन भने मानव सिर्जित नै हो भन्ने स्पष्ट भइसक्यो। हामी मानव जातिले छोटै समयमा तीव्र विकास त गर्यौं तर प्रकृतिको चरम दोहन गरेर। आज यही तीव्र विकासले भयङ्कर विनाश निम्त्याउँदै छ। मानव जातिले जतिजति पृथ्वीमाथि अत्याचार गर्दै छ, त्योभन्दा बढी पृथ्वीले वितण्डा मचाउन थालेको देख्न पाइन्छ। आफूलाई मात्र हैन सम्पूर्ण प्राणी र वनस्पति जगतकै अस्तित्वलाई सङ्कटतर्फ डोऱ्याउँदै छ। यहाँनिर विकास केका लागि ? भन्ने प्रश्नसमेत तेर्सिन्छ। हुन त विकासकै प्रतिफलका कारण मानवले आफ्नो जीवन सहज, सुखी र सम्पन्न बनाउँदै लगेको छ। सम्पूर्ण परिस्थितिकीय प्रणाली नै खल्बलिने गरी प्राप्त गरिने सम्पन्नता कहिलेसम्म टिक्ला र ? प्रकृतिको दोहनको भरमा गरिने भोगबिलासले आउँदा वर्ष थप कष्टकर र पीडादायी हुने निश्चित छ।

विकास निर्माणका कार्यमा कतिसम्म हेलचेक्र्याइ गरिन्छ भन्ने उदाहरणका रूपमा हाम्रै देशलाई हेरे पुग्छ। नेपालको अधिकांश भू-भाग हिमाली तथा पहाडी भूबनोटको हुँदाहुँदै यसलाई हेक्का राखेर विकास निर्माणका गतिविधि सञ्चालन गर्न हामी चुकिरहेका छौँ। व्यवस्थित र वैज्ञानिक बसोबासतर्फ सोचिएन। बस्ती र सहरबिना दीर्घकालीन योजना फैलिँदै गए। डाँडाकाडा खोस्रेर जग्गा पल्टिङ थालियो। पहाडी क्षेत्रमा भएको गतिविधिका कारण खोलाको सतह बढ्दो छ। नदीनालाको जथाभाबी दोहन गरेर उसको साविकको बहने बाटो मिचिँदै छ। यसका कारण सामान्य वर्षामा पनि घरखेत डुबानमा पर्ने गर्छ। चुरे दोहनले भूजल सतह घट्दै छ। गाउँघरमा घरैपिच्छे बाटो पुऱ्याउने होड चलेको छ। 'डोजरे विकास' का कारण पहाड क्षतविक्षत भएको छ। बाटो बनाउँदा प्राविधिक र वातावरणीय पक्षलाई बेवास्ता गरिन्छ। घरघरमा बाटो पुग्दा दङ्ग त पर्छौं, तर हरेक मनसुनमा यी बाटा र सडक नै काल बन्ने गर्छन्।

'डोजरे विकास' का नाममा बनाइएका सहायक सडकका कारण मूल सडक पनि काम नलाग्ने बन्दै छन्। सडक संरचना समयमै सम्पन्न गरिँदैन। मनसुका समयमा पनि डाँडाकाँडा खोस्रने कार्यले निरन्तरता पाउँछ। सडकको दुरावस्थाले गर्दा दुर्घटना बढ्दो छ। गन्तव्यमा नपुगुन्जेल त्रसित भएर यात्रा गर्नु पर्छ। यो वर्षको मनुसुनमा सीमलताल र झ्याप्ले खोला पहिरोमा भएका सवारी दुर्घटना अत्यन्तै दुःखद रहन पुग्यो। सडक विस्तार गर्दा भूक्षय तथा पहिरो नियन्त्रणलाई बेवास्ता गर्ने गरिएको तथ्य विज्ञहरूबाट आइरहेको छ। काठमाडौँको लाइफ लाइन मानिने नौबिसे-नारायणगढ खण्डमा नै वातावरणीय तथा प्रविधिक पक्षमा कमजोरी रहेको कुरा सिमताल बस दुर्घटना अध्ययन प्रतिवेदनले समेत औँल्याएको छ। यो सडकमा बर्सेनि भइरहेको जनधनको क्षतिले आज आएर यो सडकको औचित्यमाथि नै प्रश्न चिह्न खडा भएको छ। पहिरो तथा भूक्षय नियन्त्रणलाई ख्याल गरिएर बनाइएको बिपी राजमार्ग ठाउँठाउँमा खोसिँरदा यो राजमार्गमा पनि धेरै क्षति पुग्यो। जथाभाबी डाँडाकाडा र नदीनाला खोस्रिँदा बिपी राजमार्गको अवस्था पनि दयनीय हुन पुगेको अनुमान विज्ञहरूले गरेका छन्। हामीले विकास निर्माणमा हेलचेक्र्याइँ गर्दा मानवीय क्षति त छँदै छ, ठूलै भौतिक एवं आर्थिक नोक्सानी बेहोर्नु परिरहेको छ।

नेपालले कतिपय आन्तरिक कमीकमजोरीका कारण प्राकृतिक विपत्ति झेल्नु परे पनि खाँदै नखाएको विष पनि लाग्ने गरेको छ। हरित ग्यास उत्सर्जनमा नेपालको हिस्सा ०.०२५ प्रतिशत मात्र रहेको छ तर जलवायु परिवर्तका दृष्टिकोणबाट उच्च जोखिम मुलुकमध्ये १०औँ स्थानमा पर्छ। वर्ल्ड रिसोर्सेस इन्सटिच्युटको सन् २०२३ को तथ्याङ्क अनुसार हरित गृह ग्यास उर्त्सजन गर्ने शीर्ष तीन देश (चीन, अमेरिका, भारत) ले मात्र ४२.६ प्रतिशत हिस्सा ओगट्छन् भने पछिल्ला स्थानमा रहेका सय देशका हिस्सा केवल २.९ प्रतिशत रहेको छ। यसबाट विकसित देशकै कारण नेपाल जस्तो देशले बर्सेनि ठूलो विनाशको सामना गर्नु परिरहेको प्रस्ट हुछ। नेपालको परिप्रेक्ष्यमा हिमगलन, हिमताल विस्फोट, हिमपहिरो, मनसुनको प्रवृत्तिमा फेरबदल, बढ्दो गर्मी जस्ता कारणले प्रकोपको मात्रा बढ्दो छ। यसले गर्दा उत्पादन र उत्पादकत्वमा ह्रास आई रोजगारी, आय र जीविकोपार्जनमा गहिरो प्रभाव पार्दै छ। तसर्थ आगामी नभेम्बर महिनाको ११ देखि २२ सम्म अजरबैजनाको बाँकुमा हुने कोप-२९ सम्मेलनमा विकसित देशले पृथ्वीको तापक्रमलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न कठोर निर्णय गर्नैपर्ने हुन्छ। गोपबाट

# बेसारको नियमित प्रयोगले क्यान्सर नियन्त्रणमा फाइदा पुग्छ ?



नेपालसहित दक्षिण एसियाली देशमा खानामा बेसारको प्रयोग गरिन्छ। बेसारले स्वाद बढाउने मात्र नभई शरीर स्वस्थ राख्न पनि मद्दत गर्छ।

बेसारको प्रयोगबाट मुटुसम्बन्धी समस्या, पाचन प्रणालीको समस्या, डायबिटिज, डिप्रेसन, अल्जाइमर जस्ता रोगबाट बच्न सकिने तथ्य सार्वजनिक भएका छन्। बेसारमाथि गरिएका विभिन्न अध्ययन अनुसन्धानमा त्यसमा औषधीय गुण भएको यौगिक करक्युमिन पाइएको छ।

मुसामा प्रयोग गरिएको बेसारमा करक्युमिनले क्यान्सर बढ्न नदिन मद्दत गरेको अध्ययनले देखाएको छ। तर बेसारमा दुई तीन प्रतिशत करक्युमिन पाइने हुँदा शरीरले यसको सबै मात्रा लिन सक्दैन। बेसारसम्बन्धी गरिएका विभिन्न अध्ययनले खानामा बेसारको मात्राबारे पनि उल्लेख गरेका छन्।

बेसारको मात्रा दैनिक प्रयोग गर्ने वा स्वस्थ रहन त्यसमा पाइने तत्व करक्युमिनको दैनिक प्रयोग गर्नेबारे विभिन्न अध्ययन भइरहेका छन्।

**कसरी भयो अनुसन्धान ?**

बेसारबारे अध्ययनका लागि बेलायतको न्युकासल विश्वविद्यालयले एक समूह बनाएर यसबारे अनुसन्धान गरेको छ। अनुसन्धानमा एक सय जना स्वयंसेवकलाई तीन समूहमा विभाजित गरिएको थियो।

जसमा पहिलो समूहलाई हरेक दिन एक चम्चा बेसार खुवाइयो भने दोस्रो समूहलाई एक चम्चा बेसार सप्लिमेन्टका रुपमा खुवाइयो। र, तेस्रो समूहलाई बेसार भनेर अरु नै चिज खुवाइयो।

अनुसन्धाताले उनीहरुको रगतमा तीनवटा परीक्षण गरे। बेसार खुवाएको पहिलो समूहका स्वयंसेवकमा रक्तकोषमा हुने जलनलाई नियन्त्रण गरी प्रतिरोध गरेको र रोग प्रतिरोधात्मक क्षमता बढाएको देखियो।

यसबाट बेसारले रक्तकोषमा हुने जलनलाई घटाउनुका साथै डायबिटिज जस्ता समस्यालाई घटाउन सक्ने तथ्य पत्ता लाग्यो। यो परीक्षण न्युकासल विश्वविद्यालयको पीबी बायोसाइन्सले विकसित गरेको थियो। जसलाई अक्सिडेटिभ स्ट्रेस भनिन्छ।

दोस्रो समूहमा रहेकाहरुको सेता रक्तकोषको गणना गरियो। डीएनएको नतिजाका लागि यो आवश्यक थियो। यो परीक्षणले उनीहरुमा प्रतिरोधात्मक क्षमताको स्थितिबारे समेत जानकारी दियो।

तेस्रो परीक्षण युनिर्भसिटी कलेज लण्डनबाट गरियो। यसमा डीएनएको मेथिलेसनको बारेमा पत्ता लाग्यो। बेसारको क्यान्सर रोकथाम तथा नियन्त्रण गर्ने गुणबारे यो अध्ययन गरिएको थियो।

न्युकासल विश्वविद्यालयमा विकसित गरिएको अक्सिडेटिव स्ट्रेस अनुसार तीनै समूहका उनीहरुमा यसको मात्रा भने बराबर थियो। रोग प्रतिरोधात्मक क्षमतामा मौसम परिवर्तनले प्रभाव पार्छ। घामले अक्सिडेटिव स्ट्रेस बढाउँछ। जुन असर तीनै समूहमा देखिन थालेको थियो।

सेता रक्तकोषको गणनाबाट तीनै समूहमा इम्युन कोषिकामा कमी आएको पत्ता लाग्यो। सबै समूहमा यो बराबर मात्रामा घटेको थियो।

बेसार खाने र बेसारको नाममा अन्य कुरा खाएकाहरुको डीएनए मेथिलेसनमा कुनै अन्तर थिएन। तर जसले खानामा बेसार प्रयोग गरिरहेका थिए उनीहरुको मेथिलेसनमा अन्तर थियो। **नतिजा के आयो ?**

बेसारले शरीरलाई फाइदा वा घाटा के गर्छ भन्न नसकिए पनि यसले फाइदा गर्ने देखिएको छ। तर अनुसन्धाताले अनुसन्धानमा सहभागी भएकाहरुको रगत नमूनामा करक्युमिनको स्तरको मात्रा विश्लेषण गरेको थिएन।

सर्वसाधारण खानामा बेसार प्रयोग गरिरहेका थिए। उनीहरुले आफ्नो खानेकुरा बदलेका थिए। जसकारण मेथिलेसनमा परिवर्तन भएको थियो। तर यो बेसारको असर थिएन।

**खानामा बेसार प्रयोग गर्दा र त्यत्तिकै खानुमा के फरक छ ?**

खानामा बेसार प्रयोग गर्नाले हाम्रो शरीरलाई करक्युमिन लिने स्तर निर्धारण गर्छ। करक्युमिन लिपोफिलिक हुन्छ। अर्थात् यो बाँधिएको हुन्छ।

खानामा बेसारको प्रयोग गर्दा करक्युमिन तेलमा मिसिन्छ र हाम्रो शरीरले यसलाई लिने काम गर्छ। तेलमा तारेको खुर्सानीले पनि यो काम गर्छ। यसमा भएको पिपरिन तत्वले यस्तो काम गर्ने गर्छ। तारेका खुर्सानी र बेसार राखेको खानेकुरा खाँदा स्वास्थ्यका लागि राम्रो हुनसक्छ। अनुसन्धानले बेसारले मानव शरीरमा पार्ने प्रभावबारे पत्ता लगाउने चर्चा गरेको थियो। उक्त अध्ययनले बेसारले क्यान्सरलाई नियन्त्रण गर्न सक्नेबारे अनुसन्धान अगाडि बढाउनुपर्ने निष्कर्ष निकालेको छ।

बेसारको नियमित सेवनले शरीरमा बिस्तारै सकारात्मक पार्ने उक्त अध्ययनले देखाएको छ। बेसारले शरीरलाई स्वस्थ राख्नुका साथै पुराना रोगबाट बचाउन सक्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ।

# रैथाने विषयक वृहत् अन्तर्क्रिया




**कृष्ण पोखरेल**
*पाल्पा*

तानसेन नगरपालिकाले तानसेनका रैथाने विषयक वृहत् अन्तर्क्रिया गरेको छ । प्रस्तावित विश्व सम्पदा सूचीमा रहेको तानसेन नगरपालिकामा बसोवास गर्ने जात जातिहरुको रैथाने अवस्थाको बारेमा छलफल, अन्तर्क्रिया, सोध खोज, टिका टिप्पणी वहशको सुरुवात भएको छ ।

तानसेन ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय शहरको उपमा पाए पनि ऐतिहासिक रुपमा तानसेनमा बसोबासको अवस्था, तानसेनको नामाकरण, ऐतिहासिक अवस्था रीति रिवाज, चाल चलन, धर्म संस्कृति, भेषभुषा, परम्परालगायतका विषयबस्तुमा रैथाने जातजातिको अवस्थाको बारेमा तानसेन नगरपालिकाले बहश अभियान चलाएको छ ।

पुरानो तानसेन बजारमा नेवारहरु नै रैथाने भएको र पाल्पा जिल्लाको हकमा मगरहरु नै रैथाने आदिवासी भएको वक्ताहरुले बताएका छन् । तानसेनका रैथाने नेवार समुदायको विषयमा सामाजिक अभियान्ता राजेन्द्र विश्वकर्मा, उप- प्राध्यापक अर्चनादेवी शाक्य र नेपाल सरकारका पूर्व सचिव रामचन्द्रमान सिंहले कार्यपत्र पेश गरेका थिए ।

३ वटै कार्यपत्रमा पाल्पा र तानसेनको नामाकरण इतिहास, बसोबासको अवस्था, काठमाडौंबाट नेवारहरुको तानसेन बसाईसराइको स्थिति, बसाईसराइसँगै भित्रिएको धर्म, कला, संस्कृति, रहनसहन, भेषभुषाको अवस्थाबारे चर्चा गरिएको छ । सेनराज्य नेपाल राज्यमा गाभिएपछि नै काठमाडौंमा मात्र सीमित रहेका नेवारहरु व्यापारी, कर्मचारी, कालिगड, राणाहरुसँगै तानसेन आएको कार्यपत्र प्रस्तोताहरुले बताएका छन् । विसं. १८३० को समयदेखि नेवारहरु तानसेनमा बसोबास गरेको पाइन्छ । तानसेनको हकमा नेवारहरु नै रैथाने भएकोले उनीहरुले सञ्चालन गर्दै आएका परम्परागत सबै किसिमका गतिविधिहरु पनि रैथाने भएको कार्यपत्रमा जोड दिएको छ ।

कार्यपत्रमाथि बुद्धिजीवि निर्मलप्रसाद श्रेष्ठ, तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पुष्करराज रेग्मी, प्राध्यापक वनमाली निराकार, आदिवासी जनजाति महासंघका अध्यक्ष केयरसिंह राना र संस्कृतिविद विजयसागर श्रेष्ठलगायतले टिप्पणी गरेका थिए । टिप्पणीकारहरुले कार्यपत्रले तानसेनका रैथाने नेवारको बारेमा जानकारी गराए पनि अन्य जातजातिहरुको बारेमा पनि नगरपालिकाले बहश चलाउनु पर्नेमा जोड दिए । टिप्पणीकारहरुले ३ वटै कार्यपत्रमा देखिएका कमिकमजोरीलाई पुनः अध्ययन, खोज अनुसन्धान गरेर तथ्यमा आधारित रहेर सार्वजनिक गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा तानसेन नगरपालिकाका उप-प्रमुख प्रतिक्षा सिंजालीले तानसेन ऐतिहासिक सांस्कृतिक शहरको रुपमा विश्व सम्पदा सूचीमा प्रस्तावित भएकोले तानसेनका रैथाने जातजात जाति, भाषाभाषी, कला संस्कृति, संरक्षण तथा जर्गेना गर्दै विश्वका पर्यटकहरुको ध्यान खिच्ने अभियानमा लागेको बताइन । नगरप्रमुख सन्तोषलाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन नगरप्रवक्ता यादवसिंह कार्कीले गरेका थिए ।

# जीवित छँदै संस्थापक नेतालाई सम्मान

**प्रेम सुनार**
*गुल्मी*

समाजमा योगदान पुराउने र राजनीतिक रुपमा अहम भूमिका खेल्नेहरुलाई दुःख बिमार वा अन्य कारणले निष्कृय हुँदा वास्ता नगर्ने जब मृत्यु हुन्छ तब भने उसको बढाईचढाइ गर्दै मृत्यकको फोटोमा फूल माला तथा अविरले सम्मान गर्ने नेपाली प्रचलन छ ।

यस्तो प्रचलन तोड्दै नेकपा माओवादी केन्द्र गुल्मीले यस जिल्लाका संस्थापक कम्युनिस्ट नेतामध्येका एक जना जीवित योद्धालाई शनिबार एक समारोहकाबिच अभिनन्दन गरेको छ ।



जिल्लाको मदने गाउँपालिका ६ पैंयुपाटका ९१ वर्षीय कम्युनिस्ट नेता कर्णबहादुर खत्रीलाई अथक योद्धा कमरेड कर्ण बाका रुपमा अभिनन्दन गरिएको हो । उनलाई अभिनन्दन गर्न माओवादी केन्द्रको केन्द्रीय कमिटी, प्रदेश कमिटी, जिल्लाका १२ वटै स्थानीय कमिटीसहति सिंगो जिल्लाका नेता कार्यकर्ता सम्मान समारोहमा पुगेका थिए ।

२०४३ सालमा भारत प्रभासबाट मसालको राजनीतिमा सकृय रहेको र त्यहाँको नेपाली एकता समाज गठन गर्नमा उनको ठूलो योगदान रहेको प्रत्यक्ष आफूले देखेको कार्यक्रमका प्रमुख अतिथि तथा नेकपा माओवादी केन्द्रका केन्द्रीय सचिव चक्रपाणी खनाल बलदेवले बताए ।

पूर्व कृषि मन्त्री समेत रहेका नेता खनालले उनी भारत प्रभासपछि २०४९ सालमा नेपाल फर्किएको र त्यहाँदेखि हालसम्म माओवादी आन्दोलनमा सतिसाल बनेक उभिएका कर्ण बाको अनुशरण गर्नु पर्नेमा जोड दिए ।

त्यस्तै कार्यक्रमका विशेष अतिथि सो पार्टीका प्रदेश कमिटी अध्यक्ष सुदर्शन बरालले जनयुद्धकालमा कमरेड कर्ण बालाई तत्कालिन शाहीसेनाले मार्ने सूचना जिल्ला पार्टीलाई आएपछि आफैं उनको घरमै पुगेर बचाउनको लागि भूमिगत स्थानमा जान आग्रह गरेको, तर उनले देश,जनता, माओवादी आन्दोलनको लागि शहीद हुन तयार, तर घर नछाड्ने, नभुक्ने र पार्टीको गोपनियता भंग नगर्ने प्रण गरेको स्मरण गरे ।

कर्ण बालाई अभिनन्दन गर्न माओवादी मात्रै पुगेका थिएनृ, कांग्रेस एमालेसहित विभिन्न राजनीतिक दलमा आस्था राख्ने नेताहरु पुगेका थिए ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि तथा मदाने गाउँपालिका ७ का पूर्व वडाध्यक्ष काशि ब.बोहोराले माओवादीले समाजमा यस्ता कार्य गरेर सबैलाई उछिनिएर संस्कारको पाठ सिकाएको बताए ।

समाजमा योगदान पुराउनेहरुलाई मरेपछि फोटोमा माल्यापर्ण गर्ने, सामाजिक सञ्जाल रंगाएर सम्मान दिने चलन छ, जुन गलत हो, जीवित छंदा वास्तै नगर्ने जब मृत्यु हुन्छ सम्मान प्रकट गर्ने कुरा राम्रो होइन माओवादीले कर्ण बालाई जस्तै जीवित छँदै सम्मान गर्नु पर्छ ।

त्यस्तै नेकपा एमालेका मदाने गाउँ कमिटी अध्यक्ष प्रेम केसीले माओवादी केन्द्रले आयोजना गरेको कम्युनिस्ट योद्धा कर्णबहादुर बाको अभिनन्दन कार्यक्रमले आफूलाई एमाले माओवादीसँगै छंदा नेकपाको झल्को आएको महसुस भएको बताए । नेकपा छंदा पनि म मदाने गाउँ कमिटीको अध्यक्ष थिए । उतिबेलाको नेकपाको भेला बैठकमा सहभागी हुने साथीहरुलाई आज देखिरहेको छु । म कामना गर्दछु आउने दिनमा फेरि पनि सँगै हुन पाइयोस् । त्यस्तै सम्पूर्ण जनप्रतिनिधिको तर्फबाट अभिनन्दन कार्यक्रकमा बोल्दै मदाने गाउँपालिका उपाध्यक्ष सरिता खड्काले गुल्मेली कम्यिुष्टका अभिभावक कर्ण बालाई जीवित छँदै सम्मान दिएकोमा नेकपा माओवादी केन्द्र गुल्मीप्रति धन्यवाद प्रकट गरिन ।

त्यस्तै अभिनन्दन कार्यक्रममा परिवारको तर्फबाट धन्यवाद मन्तब्य राख्दै उनकी नातिनि निर्मला केसीले नेकपा माओवादी पार्टी जिल्ला कमिटी परिवारप्रति आभार प्रकट गरेकी थिइन ।

उनले भनिन्-'गाउँ समाजदेखि देश विदेशले तिम्रो हजुरबुवाको योगदानको सट्टा तिमीलाई पार्टीले के दियो भनेर प्रश्न गरिरहनु हुन्थ्यो, जसको जवाफ आजको यस कार्यक्रमले दिएको छ । तर पनि हाम्रो परिवार कुनै व्यक्तिगत स्वार्थको लागि भन्दा पनि समाज रुपान्तरणको लागि लागे र आगामी दिनमा पनि निरंन्तर लाग्दछ ।'

कार्यक्रम माओवादी केन्द्र जिल्ला समन्वय समितिका संयोजक तेजेन्द्र सलामीको अध्यक्षयता र सचिव अशोक थापाको सञ्चालनमा सम्पन्न भएको थियो ।

---

### ट्रंकलाइन...

'यहाँका उद्योगले ट्रूकलाइनको माग गरेको, प्राधिकरणबाट स्वीकृत भएको र खपत गरेको होइन,' उप्रेतीले भने-'तर हामीलाई पूर्वीतिरका र अन्यत्रका उद्योग जस्तै ठानेर जबरजस्ती ट्रंकलाइन खपत गरेको प्रचार गरियो, जुन कुनै तथ्य र प्रमाणले पुष्टी गर्दैन ।'

'माग नगरेको, खपत पनि नगरेको विद्युत्को महसुल भन्दै ४ वर्षपछि बिल पठाएपछि हामी आश्चर्यमा परेका थियौं, त्यतिबेलैदेखि हामी अन्यामा परेको भनेर आवाज उठाएको हो, तर कानुनी उपचारका लागि विद्युत् प्राधिकरण नै बाधक भयो,' उद्योगी सुमन भुसालले भने-'प्राधिकरणका कार्यकारी निर्देशकको अनुचित दबाबमा यहाँका वितरण केन्द्रले बिलिङ नगर्न भन्दाभन्दै बिलिङ गरिएको विषयमाथि छुट्टै समिति बनाएर छानवीन हुनुपर्छ ।'

प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइन विवाद सम्बन्धमा जाँचबुझ गर्न सञ्चालक समिति सदस्य भक्तबहादुर पुनको संयोजकत्वमा २०७५ चैत २९ मा गठन गरेको समितिले बुटवल क्षेत्रिय कार्यलयअन्तर्गतका विवाद जाँचबुझ गर्दा आफ्नो प्रतिवदेनमा १२ उद्योगहरुको सम्बन्धमा २०७४ चैत १४ सम्म पञ्चकन्या औद्योगिक कोरिडोरमा रहेकोमा उक्त मितिदेखि नेपाल विद्युत् प्राधिकरण भैरहवाले आन्तरिक लोड व्यवस्थापन गर्न भरौलिया सवस्टेसनलाई अमुवा सवस्टेसनमा जडान गर्ने क्रममा उक्त पञ्चकन्या औद्योगिक कोरिडोर ट्रंकलाइनमा परिवर्तन हुन गएको, उद्योगीहरुले ट्रंकलाइन माग नै नगरेको उल्लेख गरेको छ ।

२०७५ चैत ४ गतेको नेपाल विद्युत् प्राधिकरण भैरहवा वितरण केन्द्रको आन्तरिक टिप्पणी र आदेशमा समेत साविक भैरहवा न्यू १३३ केभीए फिडरबाट विद्युत् आपूर्ती भइरहेकोमा उक्त फिडर ओभरलोड भई लोडसेडिङ्ग गर्नु पर्ने बाध्यता रहेकाले भैरहवा वितरण केन्द्रको ३३ के.भी भरवलिया फिडर अण्डरलोडमा रहेकाले भार मिलान गर्न न्यू १ फिडर भरबलिया सवस्टेसनबाट निस्केको आद्यौगिक फिडरलाई अमवा सवस्टेसन जाने लाईनमा जोडिएकाले उक्त ३३ के.भि.ए. फिडरट्रंक लाइन बन्न गएको उल्लेख छ ।

ट्रंकलाइन बन्नुभन्दा अगाडि भरवलिया फिडरबाट निस्केको ३३ के.भि. औद्योगिक सप्लाई रहेका ग्राहकहरु प्राधिकरणको लोड म्यानेजमेन्टका कारण ट्रंकलाइनमा पर्न गएकोले उक्त ग्राहकहरुको विलिङ्ग साविक कै ट्यारिफ (अनुसूची १) अनुसार बिलिङ्ग गर्न निणर्यार्थ पेश गरेको थियो । 'भैरहवा वितरण केन्द्रका कार्यालय प्रमुख, लेखा अधिकृत एवं इञ्जिनियरले गरेको सिफारिसले समेत उद्योगीहरु नै मारमा परेको तथ्य अवगत हुँदाहुँदै विना आधार ट्रंकलाइनको प्रिमियम दरमा बक्यौता बिल जारी गर्ने र लाइन काट्ने कामले विवादको सिर्जना गरिएको छ,' नव नेपाल प्लाष्टिक उद्योगका सञ्चालक नवराज श्रेष्ठले भने-'यो समस्याको छिटो समाधान चाहेका छौं, हामीले प्रमाणका आधारमा बिल तिर्न तयार छौं, तर विना आधार प्रमाण बिल तिरेनन् भनेर दुश्प्रचारको शिकार हुन सक्दैनौं ।'

ट्रंकलाइनबाट २० घण्टा वा सोभन्दा बढी डेडिकेटेड सरह विद्युत् आपूर्ति लिएमा मात्रै प्रिमियम दरमा महसुल बुझाउनुपर्ने कानुनी व्यवस्था भएकोमा उद्योगीहरुले पटक-पटक प्राधिकरण समक्ष २० घण्टाभन्दा बढी विद्युत् खपत गरेको टीओडी डाटाको विवरण माग गर्दा समेत नदिइ जबरजस्ती प्राधिकरण नेतृत्वले सार्वजनिक स्थानमा हामीसँग प्रमाण छ भन्ने गरेको, तर अदालतबाट विवरण माग गर्दा डाटा मेटिइसकेको छ भन्ने गरेकोबाट प्राधिकरणमाथि छानवीन हुनपर्ने उद्योगीको माग जायज भएको श्रेष्ठले बताए ।

लोडसेडिङका बेला २०७४ चैतयता डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत् २४सैं घण्टा विद्युत् उपभोग गरेको भन्दै देशभरका ४९ उद्योगलाई बक्यौता रकम तिर्न प्राधिकरणले ८ कात्तिकसम्मको समयसीमा दिएको छ ।

तर रुपन्देहीका १४ उद्योगीले आफूहरुले त्यतिबेला ट्रंकलाइन माग र प्रयोग दुबै नगरेको, प्राधिकरणले प्रयोग गरेको प्रमाणसमेत दिन नसकेकाले आफूहरुले बक्यौता तिर्न बाँकी नरहेको दाबी गर्दै आएका छन् ।

बुटवल भैरहवा कोरिडोरका उद्योगलाई चैत २०७४ देखि कात्तिक २०७६ सम्मको बक्यौता भन्दै ४१ करोड भन्दा बढीको बिल पठाउँदै भुक्तानी नगरे लाइन काटिदिने चेतावनीयुक्त पत्र पठाएको थियो । बैशाख २०७७ देखि साधारण बिल आउन थालेपछि उद्योगीहरुले तिरिरहेका छन् । तर पुरानो बक्यौता विवादले उद्योगीलाई हैरानी दिएको छ ।

प्राधिकरण सञ्चालक समिति सदस्य भक्तबहादुर पुन संयोजक रहेको समितिको प्रतिवेदनले नै उद्योगहरूले ट्रंकलाइन माग नगरेको तथ्य स्वीकार गरेको अवस्थामा उद्योगीलाई बक्यौता भन्दै बारम्बार तनाव दिनु सर्वथा अनुचित भएको उद्योगीको तर्क छ ।

प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइन विवाद सम्बन्धमा जाचँबुझ गर्न सञ्चालक समिति सदस्य भक्तबहादुर पुनको संयोजकत्वमा २९ चैत २०७५ मा समिति गठन गरेको थियो ।

समितिले रुपन्देहीका १४ उद्योगका सम्बन्धमा १४ चैत २०७४ सम्म पञ्चकन्या औद्योगिक करिडोरमा अमुवा सबस्टेसनबाट बिजुली आपूर्ति रहेको र त्यो मितिदेखि प्राधिकरण भैरहवाले आन्तरिक लोड व्यवस्थापन गर्न भरवलिया सबस्टेसनलाई अमुवा सबस्टेसनमा जडान गर्ने क्रममा उक्त औद्योगिक करिडोर ट्रंकलाइनमा परिवर्तन हुन गएको उल्लेख छ ।

यहाँका १४ उद्योगलाई ट्रंकलाइनको प्रिमियम बिलिङ गर्ने कि नगर्ने भन्ने विषयमा ४ चैत २०७५ मा विद्युत् प्राधिकरण भैरहवा वितरण केन्द्रको आन्तरिक टिप्पणी र आदेशमा समेत ट्रंकलाइन बन्नुभन्दा अगाडि भरवलिया फिडरबाट निस्केको ३३ केभी औद्योगिक सप्लाई रहेका ग्राहक प्राधिकरणको लोड म्यानेजमेन्ट (भार व्यवस्थापन) का कारण ट्रंकलाइनमा पर्न गएकाले उक्त ग्राहकको बिलिङ साविककै ट्यारिफ (अनुसूची १) अनुसार गर्न निर्णयार्थ पेस गरेको थियो ।

उक्त सिफारिसमा 'साविक भैरहवा न्यू १३३ केभीए फिडरबाट विद्युत् आपूर्ति भइरहेकामा उक्त फिडर ओभरलोड भई लोडसेडिङ गर्नुपर्ने बाध्यता रहेकाले भैरहवा वितरण केन्द्रको ३३ केभी भरवलिया फिडर अन्डरलोडमा रहेकाले लोड ब्यालेन्स गर्न न्यू १ फिडर भरवलिया सबस्टेसनबाट निस्केको औद्योगिक फिडरलाई अमुवा सबस्टेसन जाने लाइनमा जोडिएकाले उक्त ३३ केभीए फिडर ट्रंक लाइन बन्न गएको बेहोरा उल्लेख थियो ।

यो प्रतिवेदनअनुसार उद्योगीले ट्रंकलाइन माग नै नगरेको पुष्टि भएको पञ्चकन्या समूहका महाप्रबन्धक साहुले बताए ।

देशभरिको बक्यौता विवाद एकै ठाउँमा राखेर मुद्दा बनाइएकाले राजनीतिक तहबाट समेत यहाँका उद्योगीको खास समस्या सरोकारवाला समक्ष नपुगेको उद्योगीको गुनासो छ ।

विवादको सुरुवात कहाँ कसरी भयो भन्ने गहिराइमा नपुगी सबै उद्योगीको मुद्दा एकै नजरले हेर्दा यो समस्या समाधान हुनुको सट्टा झन् सबैलाई खेल्ने ठाउँ बनिरहेको भलबारी स्वचालित चामल कारखाना सञ्चालक चन्द्रमान श्रेष्ठ बताउँछन् ।

### सरकारविरुद्ध...

यो सरकार रातको अँध्यारोमा आफ्नै पार्टी पङ्क्तिलाई समेत ढाँटेर जाल झेल र षड्यन्त्रबाट बन्यो । यो सरकार दलालहरूको घर घरमा गएर रातको १२ बजे बन्यो । अप्राकृतिक संसर्गबाट बन्यो भनेर मैले संसदमा भनेको थिएँ, सय दिन पुग्दा नपुग्दै हामीले प्रतिनिधि सभामा जे चिन्ता गरेका थियौँ, त्यो सरकारले प्रमाणित गरेको छ ।'

प्रचण्डले भ्रष्टाचारी, दलाल, बिचौलियालाई संरक्षण गर्ने अहिलेको सरकार आफैँ कुहिएर झर्ने टिप्पणी गरे ।

माओवादीले सरकारको गतिविधिमाथि खबरदारी नगर्ने हो भने संघीय लोकतान्त्रिक गणतन्त्र नै खतरामा पर्ने भएकाले सडकमा आएको बताए । संविधान र गणतन्त्रको रक्षाका लागि खबरदारी गरिरहनुपर्ने भएको उनको भनाइ छ ।

भ्रष्ट पार्टी र तिनका नेताको संगतले माओवादी बिग्रँदै गएकोले सच्चिएर अघि बढ्ने बताए । 'अब माओवादी सच्चिएर अगाडि बढ्छ ।'–उनले भने । उनले माओवादीले अब कांग्रेस एमालेसँग प्रधानमन्त्री र मन्त्री माग्दै नआउने समेत बताए ।

उनले पूर्व राजालाई भेटेको भनेर चलाइएको हल्ला निराधार भएको बताए । रवीन्द्र मिश्रलाई भेटेपछि पूर्वराजासँग भेटेको भनेर भ्रामक हल्ला फैलाएको भन्दै उनले आपत्ति जनाए ।

उनले भने-'कतिपयले प्रचण्डले झापामा पुगेर ज्ञानेन्द्रलाई भेट्यो भनेर हल्ला चलाएछन् । बरु म झापा विमानस्थलमा भएको थाहा पाएर उनी बीच बाटोबाट फर्केको सुनेको छु, मैले भेटेको छैन । जसले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि अर्को क्रान्तिको तयारी गर्दैछ, उसले ज्ञानेन्द्र भेटेको भनेको भन्नु सही होला ?'

प्रचण्डले रवि लामिछानेलाई बचाउनका लागि माओवादी केन्द्रले खबरदारी सभा नगरेको प्रष्ट पारे । उनले विगतमा रवि लामिछानेलाई बचाउन केपी ओलीले भूमिका खेलेको बताउँदै अहिले प्रतिपक्षमा पुगेपछि मात्रै पेल्ने काम गरेको बताए ।

सहकारी ठगीको विषयमा ओलीले नै संसदीय छानबिन समिति बनाउने कुराको विपक्षमा रहेका बेला आफूले लामिछानेलाई छानबिन समितिका लागि सुझाव दिएको र निर्दोषिता प्रमाणित गर्न भनेको बताए ।

खबरदारी सभामा प्रचण्डले नक्कली भुटानी शरणार्थी लगायतका विभिन्न काण्डका मुद्दाहरू कहाँ पुगे भनेर पटक पटक प्रश्न गरे ।

नक्कली भुटानी शरणार्थी बाँसबारी, गिरिबन्धु, बालमन्दिर लगायतका काण्ड कहाँ पुगे भनेर प्रश्न गर्दै उनले भने- 'यो प्रश्नको जवाफ दिने ल्याकत यो सरकारसँग छैन किनभने यो सरकार यी काण्ड खोतल्न होइन, मिलाउन बनेको हो ।'

'नत्र संसद् र सडकमा तपाईँहरूले त्यो प्रतिरोध देख्नुपर्नेछ, जसको तपाईँहरूले कल्पना गर्नुभएको छैन,'अध्यक्ष प्रचण्डले भने -'बाढीपहिरो र विपत्तिमा नदेखिने सरकार दल विभाजन गर्ने अध्यादेश ल्याउन, उपसभामुख हटाउन र विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हटाउन देखिन्छ, यो हर्कत सरकारका लागि महँगो पर्नेछ ।'

सरकारले ७० नम्बर ल्याएको भन्दै प्रचार गरेकोप्रति प्रश्न गर्दै उनले भने- 'अहिले नै सत्तरी आएपछि कस्तो होला त यो सरकारको सय नम्बर ? मैले निरन्तर भन्दै आएको छु, संसद्को पहिलो दल कांग्रेस र दोस्रो दल एमालेलाई विश्वास आदर्श र राजनीतिक उद्देश्यले जोडेको होइन, सुशासनको डरले जोडेको हो ।' पहिले एक्लै पार्टीको दुई तिहाइ भएको बेलामा संसद् भङ्ग गरेर प्रतिगमन गर्ने नेताले अहिले दुई तिहाइको घमन्ड गर्नुको कुनै अर्थ र औचित्य नहुने पनि उनको टिप्पणी थियो ।

खबरदारी सभामा प्रचण्डले सहकारी ठगी प्रकरणमा दोषी देखिएका कांग्रेस एमालेका नेताहरूलाई अनुसन्धानमा नल्याएको भन्दै आलोचना गरे ।

संसदीय समितिले कांग्रेस र एमालेका नेताहरूलाई पनि दोषी ठहर गरेकोमा उनीहरूलाई अनुसन्धानको दायरामा नल्याएर प्रतिपक्षमा रहेका रवि लामिछानेलाई मात्रै पक्राउ गर्नु राजनीतिक विभेद र पूर्वाग्रहको उपज भएको टिप्पणी गरे ।

भ्रष्ट र जाली नेताहरूसँग लागेर माओवादी पनि के के हो भन्ने जनतालाई परेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले सरकार ढालेर आफूहरूलाई सच्चिन मौका दिएको बताए । अब आफूहरूलाई जनतामा फर्कने अवसर प्राप्त भएको बताउँदै उनले जनताको पूर्ण मुक्ति नहुँदासम्म लडिरहने बताए ।

एउटा नयाँ अभियानमार्फत् उपलब्धि रक्षा गर्दै अझैं उन्नत व्यवस्था ल्याउन चाहेको उनले बताए । अहिलेको निर्वाचन प्रणाली नफेरेसम्म भ्रष्टाचार रोक्न नसक्ने बताउँदै निर्वाचन प्रणाली पूर्ण समानुपातिक बनाउनुपर्ने उल्लेख गरे ।


# Career Opportunity

Shine Resunga Development Bank Limited (SRDBL), a leading development bank in Nepal, is seeking applications from qualified candidates for the following job position:

1. **Legal Department – Officer Level (2)**
   - Age not exceeding 40 years as of the vacancy deadline.
   - Bachelor's Degree in Law from a recognized university, with an advocate license.
   - Minimum of 2 years of law practice in legal firms, BFIs, or private or public organizations.
   - Knowledge of substantive law, legal procedure and legal terminology.
   - Experience in Corporate Law, Banking and Finance Law, Company Law and Contract Law will be an advantage.

The Development Bank reserves the right to reject any or all applications without providing any reason. Depending on the number of applications received, the Development Bank may raise the minimum criteria stated above and may call only shortlisted candidates for the further selection process. Canvassing at any stage of the process will lead to disqualification of the candidate for this vacancy and any future recruitment processes.

**To Apply:** Visit https://srdb.com.np/Banking-Career

**Application Deadline:** 25 Kartik, 2081 (November 10, 2024) at 17:00 hrs NPT.



SHINE RESUNGA DEVELOPMENT BANK LTD.

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# कोहार समुदाय माटोका भाँडा बेच्न व्यस्त





केशव पराजुली
नवलपरासी

आउँदै गरेको दीपावली र छठ पर्वका लागि कुम्हाल समुदाय माटोका भाँडा बनाउन र बिक्री गर्न व्यस्त रहेका छन् । कुम्हाल (कोहार ) समुदाय माटोबाट बनेका सामग्री लिएर बिक्रीका लागि घर-घर जाने गरेका छन् ।

कोहार समुदायले अहिले माटोका पाला, हाथी, ढकना, सर्वालगायतका सामग्रीहरु बनाउन र बनाएका सामग्री बिक्री गर्न व्यस्त रहेका छन् । रामग्राम नगरपालिका १४ का राम बेलास कोहार अहिले बिहान ३ बजे नै उठेर माटोका भाँडा बनाउने काममा बेस्त हुने गरेका छन् । विगत १० वर्षदेखि माटोका भाँडा बनाउने पेशा अगाल्दै आएका कोहारले रामग्राम नगर क्षेत्रका आफ्ना ग्राहकका घर-घरमा माटोबाट बनेका सामग्री पुर्‍याउने गरेका छन् । कोहारले दीपावली र छठका अवला बनाएका माटोका (कप) मिठाइ र चिया पसलमा पनि बिक्री गर्ने गरेका छन् ।

उनका अनुसार अहिले माटोका पाला १ सयलाई ६० रुपैयाँसम्म पर्ने गरेको बताए । कोहार भने-‘अहिले धानको सिजन भएका कारण दीपावली र छठमा चाहिने सामग्री गाउँ-गाउँमा धानसँग समेत साट्ने गर्दछन् । विगतमा माटोका सामान बनाउन सहज रहेको भए पनि अहिले आएर धेरै समस्या रहेको छ ।’ माटोका भाँडा बनाउन अहिले मुख्यत माटोको समस्या रहेको छ भने तयार गरेका माटोका सामग्री पकाउन दाउराको समस्या रहेको छ । दाउरा र भुस महँगो भएका कारण माटोका सामग्री बनाउन समस्या हुँदै गएको कोहारले बताए । केही वर्षअघि पशुको गोवर (गुईठा) बाट माटोका सामग्री पकाउने गरेको भए पनि अहिले आएर गाउँ, घरमा पशु पाल्न छाडेका कारण गुईठा पाइन छाडेको उनको भनाइ छ ।

उता रामग्राम नगरपालिका वडा नम्बर १६ हुकईका ७४ वर्षीय पूर्णवासी कोहार माटोका सामग्रीहरु बिक्रीका लागी घर-घरमा जाने गरेका छन् । बिहान ६ बजे घरबाट माटोका भाँडा बिक्रीका लागि निस्कने पूर्णवासी दिउँसो घर पुग्दछन् । दीपावली र छठ नजिकिँदै गर्दा उनी दैनिक घर-घरमा माटोका सामग्री बिक्रीका लागि पुग्ने गर्दछन् ।

दीपावली र छठ नजिकिँदै गर्दा नवलपरासी पश्चिमका कोहार समुदाय माटोका सामग्री लिएर घर-घरमा पुग्ने गर्दछन् । लामो समयदेखि माटोका भाँडा बनाउने पूर्णवासी अहिले उमेरका कारण उक्त पेशा छोड्ने मनस्थितिमा रहेको बताए । भाँडा बनाउन माटो नपाइने र तयार भएका सामग्री आगोमा पोल्नु पर्ने भएका कारण पनि कोहार समुदायको पेशा संकटमा परेको उनीहरु बताउँछन् । पूर्णवासीका ४० वर्षीय छोरा लालमनले आफूले गर्दै आएको पेशा छोराले गर्न थालेको बताए । छोराले आफूले गर्दै आएको पेशा गर्न थालेपछि पूर्णवासीले माटोका भाडा बनाउने काम छाडेका छन् । पूर्णवासीले छोराले तयार गरेका सामग्री घर-घरमा बिक्रीका लागि लग्ने गर्दछन् ।

अहिले तराई (मधेश )मा कोहार समुदायलाई आउँदै गरेको लक्ष्मीपूजा, दीपावली र छठका लागि माटोको सामग्रीहरु बनाउने चटारो नै छ । कोहार समुदाय अहिले बिहानैदेखि माटोका सामानहरु बनाउन व्यस्त हुन्छन् । कोहार समुदायले माटोबाट निर्माण गर्ने विभिन्न कलात्मक सामग्रीहरु बनाउन थालेको लगभग ४० वर्ष भइसकेको उनीहरु बताउँछन् । माटोको सामग्री कुनै विशेष पर्व वा सिजनमा मात्रै बिक्री हुने गर्छ । यही पेशाको भरमा मात्र घर चलाउन कठिन भएपछि जीविका चलाउन अन्य पेशा पनि गर्ने गरेको कुम्हाल समुदाय बताउँछन् । माटोको भाँडाकुँडाको व्यापार पहिलेभन्दा अहिले कम भएको उनीहरुको भनाइ छ ।

बजारमा पाइने प्लास्टिक र विद्युतीय सामग्रीका कारण माटोबाट बनेका सामग्रीको बिक्री पहिलेको तुलनामा निकै कमी भएको छ । महँगी बढिरहेको छ । तर आजभन्दा ५ वर्षकै मूल्यमा माटोबाट बनेका सामग्री बिक्री गनुपर्ने बाध्यता रहेको कोहार समुदायको भनाइ छ ।

जिल्लाका केही स्थानीय तहले कोहार समुदायका लागि विद्युत्‌बाट चल्ने माटोका भाँडा बनाउने प्रविधि वितरण गरेको भए पनि सबैले पाउन नसकेको उनीहरुको गुनासो छ ।

# भैरहवामा मुस्लिम सम्मेलन, मुख्यमन्त्रीसँग ५ बुँदे माग

**मोहम्मद हबिब**
*भैरहवा*



मुस्लिम समुदायको अधिकारको सुरक्षा गर्न तहफ्फुजे हुकुके मुस्लिम व तालिमी वेदारी प्रदेश सम्मेलन भएको छ ।

ओल्मा काउन्सिल नेपाल रुपन्देहीको आयोजनामा भैरहवाको मिडटाउन पार्टी प्यालेसमा भएको सम्मेलनले प्रदेश सरकारसँग मुख्यतया ५ वटा विषय उठान गरी सम्बोधनका लागि आग्रह गरेको छ ।

काउन्सिलका केन्द्रीय अध्यक्ष शैयद गुलाम हुसेनले प्रदशेमा करिब ४ सय बढी मदरसाहरु रहेकोले यसको व्यवस्थापनमा प्रदेश सरकारले जोड दिनु पर्ने बताए । काउन्सिलले प्रदेश सरकारलाई लुम्बिनी प्रदेशबाट हजका लागि जाने करिब ५ सय हाजीको उडान भैरहवास्थित गौतमबुद्ध विमानस्थलबाट गर्नुपर्ने, हज हाउसको व्यवस्था हुनपर्ने, मौलाना वा सोसरहका शिक्षकका लागि भारत जानु पर्ने बाध्यता हटाई नेपालमै नभएको मौलाना स्तरको मदरसा यस प्रदेशमा स्थापना गरी अनुमति दिनु पर्ने, प्रत्येक मदरसामा कम्तिमा पनि १ जनाको दरबन्दी कायम गर्नुपर्ने, कब्रस्थान, इदगाह, मस्जिद, मदरसालगायतको क्षेत्रलाई व्यवस्थित गरी आधिकारीकता प्रदान गर्नुपर्ने, मौलाना र मदरसाका शिक्षकहरुलाई शिक्षक इजाजतपत्र का लागि पहल गर्नुपर्ने मागसम्मेलनमार्फत् हज समिति र लुम्बिनी प्रदेशका मुख्यमन्त्रीलाई गरिएको केन्द्रीय अध्यक्ष हुसेनले बताए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मुस्लिम समुदायको आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तिकरणको लागि समानता र अधिकार सुनिश्चित गरेर सरकारले काम गरिरहेको जनाए । उनले लुम्बिनी प्रदेश सरकारले मदरसा शिक्षालाई प्राथमिकताका साथ सुधार गर्दै गइरहेको बताउँदै मुस्लिम समुदायका बालबालिकाको शिक्षामा समान पहुँच बढाउन छात्रावृत्तिको व्यवस्था गरेको, छोरीहरुलाई शिक्षामा पहुँच बढाउन छात्रावास स्थापना गरेको जानकारी दिए ।

‘प्रदेश स्थापना भएपछि मदरसा शिक्षालाई जोड दियौं । मदरसाको भौतिक सुधार गर्‍यौं । त्यहाँ शिक्षाको गुणस्तर सुधार्न पनि ध्यान दियौं । मुस्लिम विद्यार्थीलाई छात्रावृत्ति र छात्रावासको समेत निर्माण गर्न प्रदेश सरकारले लगानी गरेको छ,’ उनले भने -‘शिक्षा क्षेत्रमा अगाडी बढाउन प्रदेश सरकारले लागेपुगेसम्मको सहयोग गरेको छ ।’

प्रदेश सरकारले मुस्लिम समुदायलाई निजामती क्षेत्रमा आकर्षित गर्न सात प्रतिशत आरक्षणको व्यवस्था गरेको छ भने प्रदेश सरकारले मुस्लिम समुदायको सशक्तिकरणको लागि ध्यान दिएको छ । नीति, नियम तथा कार्यक्रमबाट मुस्लिम समुदायको अधिकार सुनिश्चित गर्नेगरी सरकारले काम गरिरहेको छ ।’ छोरीहरुको शिक्षामा मुस्लिम समुदायले विशेष ध्यान दिनुपर्ने बताउँदै छोरीहरुलाई शिक्षामा अगाडि बढाउन समुदायबाट नै विशेष ध्यान दिनुपर्छ । सरकारले वातावरण निर्माण गरेको उनले बताए ।

ओल्मा काउन्सिल रुपन्देहीका अध्यक्ष मौलाना अब्दुलनबी भाटको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै केन्द्रीय सांसद सेराज अहमद फारुकी हज समिति सदस्य जमिउल मिया, सिद्धार्थनगरका नगरप्रमुख इस्तियाक अहमद खाँ, हारुन अलि कादरी, अमिरुल्लाह मिया, ताहिर अलिलगायतले समुदायको उत्थान भौतिक पूर्वाधारको विकासले मात्रै नभई शैक्षिक विकासले हुने बताए ।

शिक्षा जस्तो मौलिक अधिकारबाट वञ्चित रहेको समुदायको विकासका लागि माग गरिएको सबै बुँदा सान्दर्भिक रहेकोले मागमा समर्थन जनाएका थिए । पिछडिएको समुदायलाई राज्यको मुलधारमा ल्याउनेगरी प्रदेश सरकारले नीति तथा कार्यक्रममार्फत् सम्बोधन गर्नु पर्ने उनले बताए ।

मुस्लिम समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने, मुस्लिम समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम बनाउन समेत प्रदेश सरकारसँग अनुरोध गरिएको छ ।

मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण गर्न, आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न, राज्यले उपलब्ध गराउने स्रोत तथा साधनहरुमा मुस्लिम समुदायको पहुँच वृद्धि गर्न, ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक क्षेत्रको संरक्षण र सम्बर्द्धनलगायतका विषयहरु उठान गरिएको थियो ।

बीपी स्मृति कपः

# लाइफ केयर क्रिकेट क्लबलाई उपाधि




भैरहवा । भारतको लाइफ केयर क्रिकेट क्लबले भैरहवामा सम्पन्न ‘बीपी कोइरालास्मृति कप टी-२०’ अन्तर्राष्ट्रिय अन्तरक्लब क्रिकेट प्रतियोगिताको उपाधि जित्न सफल भएको छ । शनिबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा सम्पन्न फाइनल खेलमा नेक्सस रुपन्देही-११ नेपाललाई २१ रनले पराजित गर्दै लाइफ केयरले उपाधि जित्न सफल भएको हो । जितसँगै लाइफ केयरले ५ लाख रुपैयाँसहित ट्रफी पायो । उपविजेतामा चित्त बुझाएको नेक्ससले ३ लाख रुपैयाँ नगद र ट्रफी पायो ।

टस हारेर ब्याटिङ गरेको भारतको लाइफ केयरले ६ विकेट गुमाउँदै १ सय ६४ रन बनायो । उसका लागि शुभम लम्बाले ३९, दीपक पुनियाले ३८, एकान्स धोवलले २५ र दिपान्सु फोरेले २४ रन जोडे । बलिङमा नेक्सस रुपन्देहीका दिपेश कँडेलले २, शाहब आलम, वसिर अहम्मद, दिनेश अधिकारी र कृष्ण कार्कीले १-१ विकेट लिए ।

१६५ रनको लक्ष्य पछ्याउँदै जवाफी ब्याटिङ गरेको नेक्सस रुपन्देही सबै विकेट गुमाउँदै १ सय ४३ रन मात्रै बनाउन सक्यो । उसका लागि कृष्ण कार्कीले ३५, वसिर अहम्मदले २५, शंकर रानाले २४, सुमित महर्जनले २०, मिर्नाल गुरुङले १५, प्रतीक श्रेष्ठले ११ रन बनाए पनि टिम उपाधि जित्नबाट चुक्यो । रुपन्देहीका तीन खेलाडीले खाता पनि खोल्न सकेनन् । बलिङमा लाइफ केयरका सक्षम शर्माले ३, योगेश कुमार र जस्मित नैनले २-२ तथा रोहित डङ्गवाल, शुभम लाम्बा, क्षितिज त्रिपाठीले समान १-१ विकेट लिए । फाइनल खेलको प्लेयर अफ द म्याच शुभम लाम्बा घोषित भए । उनले पाँच हजार रुपैयाँ पाए ।

प्रतियोगिताकै उत्कृष्ट खेलाडी लाइफ केयर क्रिकेट क्लबका दीपक पुनिया घोषित भए । उनले ३५ हजार रुपैयाँ पुरस्कार पाए । यस्तै प्रतियोगितामा नेक्सस रुपन्देहीका शाहब आलम उत्कृस्ट बलर र लाइफ केयरका दीपक पुनिया उत्कृष्ट ब्याटर घोषित भए । उत्कृस्ट बलर र ब्याटरले जनही २० हजार रुपैयाँ पाए ।

विजेता खेलाडीहरुलाई कांग्रेस केन्द्रीय सदस्य तथा पूर्वगृहमन्त्री बालकृष्ण खाँण, सिद्धार्थनगर नगरपालिकाका प्रमुख इशितयाक अहमद खाँ, नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्द, आयोजक नेक्सस क्रिकेट एकेडेमिका अध्यक्ष भरतबहादुर शालीलगायतले पुरस्कार प्रदान गरे । नेक्ससको आयोजना र रुपन्देही क्रिकेट संघको प्राविधिक सहयोगमा ८ दिनसम्म चलेको प्रतियोगितामा ५ वटा दक्षिण एसियाली टेस्ट राष्ट्रका क्लब टिमहरु सहभागी थिए ।

# विपक्षीले चाहँदैमा सरकार ढल्दैनः छविलाल




तिलोत्तमा । नेकपा एमालेका सचिव छविलाल विश्वकर्माले कांग्रेस-एमाले साझा सहमतिप्रति प्रतिबद्ध रहेकाले अरु कसैले चाहँदैमा सरकार नढल्ने बताएका छन् ।

एमाले तिलोत्तमा नगर कमिटीको दोस्रो नगर अधिवेशनको शनिबार उद्घाटन गर्दै उनले मुलुकलाई निकास दिनका लागि दुई ठूला दलबिच समझदारी बनेको र यी दुईदलबिच एकता कायम रहेसम्म अरु कसैको चाहनामा सरकार तलमाथि नहुने बताए । विपक्षी दलहरुप्रति संकेत गर्दै उनले सरकार ढल्छ कि भनेर कोशिस भैरहे पनि त्यो पूरा नहुने बताए ।

सरकारले सय दिनमा गरेका काम सन्तोषजनक रहेको र अबका दिनमा पनि कार्ययोजना बनाएर सरकार अगाडि बढ्ने जानकारी दिँदै सचिव विश्वकर्माले कुनै भ्रममा नपरी सरकारले गरेका राम्रा कामको प्रचारमा लाग्न कार्यकर्तालाई आग्रह गरे ।

“अहिले लहड र भ्रमका पछाडि लाग्ने प्रवृत्ति देखिएको छ, भ्रम सिर्जना गरेर केही हुँदैन, मुलुक आफ्नो दिशामा अगाडि बढ्छ ।”-उनले भने ।

सचिव विश्वकर्माले जनतालाईं भ्रममा पार्ने असफल कोशस भैरहेको भन्दै यसतर्फ सिंगो एमाले पंक्ति चनाखो भएर दृढतापूर्वक भ्रम चिर्न प्रतिबद्ध भएर लाग्नुपर्ने बताए ।कार्यक्रममा बोल्दै एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरेले जनताका काम गर्नका लागि एमालेको नेतृत्व अपरिहार्य रहेको भन्दै स्थानीय, प्रदेश र संघीय सरकारमा एमाले नेतृत्वमा रहँदा थुप्रै राम्रा काम भएका तर एमालेले नेतृत्व गुमाउँदा विकासमा अलमलको स्थिति सिर्जना हुने गरेको बताए ।

पार्टीले लिएको नीति, विचार, योजना र कार्यक्रमका आधारमा सिंगो पार्टी पंक्ति परिचालित हुन सकेमात्रै एमाले आफ्नो लक्ष्य र उद्देश्यमा पुग्न सक्ने गैरेले जनाए ।

कार्यक्रममा एमाले तिलोत्तमा नगर कमिटी अध्यक्ष तामानाथ पाण्डे, उपाध्यक्ष नेत्र वन र सचिव मीनप्रसाद पोखरेलले नगर कमिटीले अगाडि सारेका योजना र कार्यक्रमबारे प्रकाश पारेका थिए । अधिवेशनले आगामी तीन वर्षका लागि नयाँ नेतृत्व समेत चयन गर्ने छ ।

ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बचौं
**खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न**
- सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं ।
-भान्सामा सिलिण्डर प्रयोग गर्दा ठाडो पारेर मात्र प्रयोग गरौं ।
-गुणस्तरयुक्त रेगुलेटर, पाइप र चुलो प्रयोग गरौं,
-समय-समयमा ग्याँसको पाइप, रेगुलेटर र चुलो फेरौं ।
-ग्याँस सिलिण्डरको प्रयोग अवधि हेरेर मात्र खरिद गरौं ।
-काम सकेपछि सधैं रेगुलेटर बन्द गरौं ।
-भान्सा कोठाको झ्याल ढोका सधैं खुला राखौं,
-सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com